श्रीमान् प्रमुखज्यू
धरान उपमहानगरपालिका कार्यालय,धरान

विषय : सयपत्री सहकारीको प्रतिवेदन पेस गरेको बारे।

उपरोक्त सम्बन्धमा मिति २०७८/१/३ गते शुक्रबारका दिन धरान उपमहानगरपालिका प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकले सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.धरान-९,स्थितले शेयर सदस्यहरूको निक्षेप रकम भुक्तानी नगरेको भनी निवेदन परेकाले के कति कारणले भुक्तानी हुन नसकेको र संस्थाको अवस्था बारे अवगत गराउन भनी सिमित दायित्वका साथ श्री दिनेश श्रेष्ठज्यूको संयोजकत्वमा नौ सदस्यीय छानबिन समिति गठन भएको र उक्त समितिले तयार पारेको प्रतिवेदनलाइ श्रीमान नगर प्रमुखज्यू समक्ष पेश गरेको छु ।

संयोजक
श्री दिनेश श्रेष्ठ

# सयपत्री साकोसको उजुरीमाथि छानविन गरी तयार पारिएको  प्रतिवेदन ।

## पृष्ठभुमी

यस उपमहानगर क्षेत्रमा रहेको सयपत्री साकोसको सेयर सदस्यहरु र स्थानिय बजार प्रतिनिधिहरुले आफूहरुले जम्मा गरेको रकम फिर्ता गरी पाँउ भनी यस कार्यालयमा आवश्यक समन्वय गरिदिन अनुरोध गरेको र सो विषयमा स्थानीय पत्रपत्रिकाहरुमा टीका टिप्पणी सहित अनियमितता भएको भनी प्रकाशन समेत भएको पाइएकाले यस उपमहानगर पालिकाका प्रमुखज्यूको निर्देशन वमोजिम उजुरीकर्ता र सम्वन्धित सहकारीका कार्य समितिका तत्कालिन तथा निवर्तमान सदस्यहरुलाइ समन्वय गर्दै २ पटक सम्म समस्या समाधानकालागि बैठक राखिएको थियो । यहि मिति २०७८।१।३ गते शुक्रवारका दिन उपमहानगर प्रमुखज्यूको अध्यक्षतामा बसेको दोश्रो बैठकले वास्तविकता छानविन र समस्या समाधान खोज्न सरोकारवालाहरु सम्मिलित जिल्ला सहकारी संघ लि सुनसरीका उपाध्यक्ष्य धरान उपमहानगरपालिकाका सहकारी विकास समितिका सदस्य श्री दिनेश श्रेष्ठज्यूको संयोजकत्वमा ९ सदस्यिय छानविन समिति (कार्यदल) निर्माण गरिएको थियो।

सो छानविन समिति गठन भए लगत्तै मिति २०७८/१/५ गते आइतबारका दिन उक्त समितिको बैठक बसि छानबिनका कार्ययोजना बनायौ। जसमा दिनेश **श्रेष्ठ** र चन्द्रबहादुर सुवेदीले लेखा तथा कम्प्युटरमा भएको हिसाब हेर्ने ,काजी गिरीले ऋणका फाइलहरु हेर्ने तथा सचिव भक्तिराज शर्मा र मिषण लामाले अन्य कुरामा रेखदेख र सहयोग गर्ने भनी निर्णय गरियो।भोलिपल्टै मिति२०७८/१/६गते सोमबार देखि २०७८/१/१५ गतेसम्म उपाध्यक्ष शशि श्रेष्ठ, निवर्तमान उपाध्यक्ष हरिशंकर उपाध्याय,व्यवस्थापक अनिसा राई, स. व्यवस्थापक शर्मिला तामाङको उपस्थितिमा कम्प्युटरमा राखेको खाताको तथा भौचर भए अनुसारको छानविन गरी आवश्यक विवरण सहितका कागजातहरुको छाँयाकपी छाप तथा हस्ताक्षर सहित बुझी लियौं ।सयपत्री सहकारीको छानवीनको क्रममा संस्थाका संचालक समिति तथा कर्मचारीहरु संग पनि वहाँहरुको राय लिखित रुपमा लिई अध्ययन गरि यो प्रतिवेदन तयार गरि पेस गरेका छौ।

प्रतिवेदन निर्माणमा तपसिलका विधिहरु अपनाइएको थियो।

- प्रश्नोउत्तर विधि
- खोज अनुसन्धान (कम्पुटर सफ्टवेरमा अभिलेख भएको र लेखा प्रतिवेदनहरु) विधि
- प्रत्यक्ष भेटघाट तथा छलफल विधि
- खाता तथा अभिलेखहरु निरिक्षण र विश्लेषण विधि

सयपत्री साकोसको (२०७८ बैशाख ८ सम्म) असुल उपर गर्नुपर्ने देखिएको रकमहरु निम्न वमोजिम छ।

| विवरण | रकम | जवाफदेहिता |
|---|---|---|
| १ सेयर सदस्यहरुलाइ ऋण लगानी<br>२ फर्जि ऋण लगानी Loan Acount Adjesment<br>३अन्य कम्पनीमा लगानी (सयपत्री रेमीगोल्ड ) | १०४९२११६।००<br>४७०८१६१।१२<br>२५२७९३१।३७ | तत्कालिन कर्जा तथा ब्यबस्थापन समिति कर्मचारी ,<br>ब्यवस्थापन समिति |
| वढि वचत फिर्ता<br>GS १५६०९६२१।०६,<br>KS ११२४८२३।५६ ,<br>PS २८१६७०४।६८ ,<br>PS १०२८०<br>Fixed Saving 1 year २१०६०९<br>Share ७२४४१।३० | १९८४४४८८।६० | कर्मचारी |
| अन्य कम्पनीवाट पाउनु पर्ने (विवरण तल बक्समा देखाइएको छ) | २३३६५७९।०० | ब्यबस्थापन समिति |
| पेश्की रकम | ४९१४९३६ | निवर्तमान अध्यक्ष वंशी मोक्तान |
| हिनामिना रकम | ३९९५३०४ | पार्वती शाही कर्मचारी |
| अन्य कम्पनीमा लगानी गरेको बेरुजु ब्याज | ४७१७८५५ | ब्यवस्थापन समिति |
| सदस्यहरुवाट उठ्न बाँकी ब्याज | ९९९७२० | कर्जा तथा ब्यबस्थापन समिति |
| पुरस्कार प्रदान | ३००००० | ब्यवस्थापन समिति |
| लाभाँश वितरण | ३६८९६० | ब्यवस्थापन समिति |
| नोक्सान | ११५२८६९।५९ | २०७४।०७५देखि७६।७७ सम्मको रु ७०१०९९८।३२ |
| जम्मा | ५६३५८९२०।६८ | |
| | | |

| क.स | विवरण | रकम |
|---|---|---|
| 1 | Crystal Vision Department Store | Rs. 20,58,891.76 |
| 2 | Crystal Vision Department Store, Kathmandu | Rs. 31,142.75 |
| 3 | Shambhu Sharma | Rs. 4600.49 |
| 4 | Kishor Subba | Rs. 2,045.00 |
| 5 | A/c Receivable (Dharan ADV/VC) | Rs. 66,399 |
| 6 | Crystal Vision International | Rs. 163,500 |
| 7 | Meena Maden | Rs. 10,000 |
| | **Total Receivable** | **Rs. 23,36,579.00** |
| | | |

तिर्न पर्ने दायित्व (२०७८ बैशाख ८ सम्म)

| विवरण | रकम रु मा | कैफियत |
|---|---|---|
| वचत | ३९१६८४८१।३५ | वचतका विभिन्न शिर्षकहरु |
| सेयर | ११७३३५३२।३३ | २०७८ बैशाख ८ गते सम्मको सेयर विवरण अनुसार |
| वाह्यय ऋण | ४०९४७४३ | २०७८ बैशाख ८ को वासलात अनुसार |
| भुक्तानी दिनपर्ने | १३६२१६४ | विभिन्न शिर्षकहरुमा |
| जम्मा | ५६३५८९२०।६८ | |

सारांशमा असुल गर्नुपर्ने र तिर्नुपर्ने दायित्व माथि उल्लेख भएतापनि बिस्तृत रुपमा तपसिल अनुसार रहेकोछ।

१ शेयर सदस्यहरुमा लगानी भएको ऋण उठाउनु पर्ने जवाफदेहिता चाँहि कर्जा उपसमितिको भनिएको हो।

२ फर्जी ऋण लगानी भन्नाले त्यसको कागजात नभएको र त्यसको जवाफदेहिता कर्मचारीमा देखिन्छ।

३ सयपत्री रेमिगोल्डको बाँकी रहेको साँवा रकम २५% शेयर हकदारको हिसाबले सयपत्रीका तत्कालीन संचालक समितिले तिर्नुपर्ने देखिन्छ ।

४ बढी बचत फिर्ता भन्नाले बचत खाताहरुमा रकम नभएता पनि नकारात्मक ( माईनस) हुने गरि रकम निकालिएको देखिन्छ, सोको असुलउपर कर्मचारीहरुवाट गर्नुपर्ने देखिन्छ।

५ बेरुजु रकम रु ३९९५३०४/-भनेको कर्मचारी पार्वती शाहीले हिनामिना गरेको प्रमाणीत भै गत आ. ब. को लेखा परिक्षणमा समेत उल्लेख भएकोले निज बाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

- अन्य कम्पनीमा गरेको लगानी र बेरुजु ब्याज भन्नाले संस्था बाट विभिन्न कम्पनी वा संस्थामा लगानी गरेको देखिन आउछ जुन लगानीबाट प्राप्त गर्नुपर्ने व्याज समेत बेरुजु देखिन आएको हुनाले सो को जवाफदेहिता संचालक समितिले दिनुपर्ने देखिन्छ ।
- पुरस्कार प्रदान भन्नाले संस्थाबाट एकै पटक एकै व्यक्तीलाई एकमुष्ट ठुलो रकम पुरस्कार वापत संचालक समितिले निर्णय गरेर प्रदान गरेको देखिन्छ जुन सहकारी ऐन, मुल्य मर्म विपरित भएकोले तत्कालीन समितिबाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

६ संस्था नोक्सान भएको अवस्थामा पनि लाभांश वितरण गरेको देखिएकोले सो रकम संचालक समितिबाट असुली गर्नुपर्ने देखिन्छ।

७ नोक्सान भन्नाले यदि असुली गर्नुपर्ने रकम सबै असुल भएता पनि अझै रु ११२६८६९।५९ नपुग देखिन्छ सो रकमको जवाफदेहिता शुरु देखिका संचालक समिति पर्ने देखिन्छ ।

माथि उल्लेख बाहेक निवर्तमान अध्यक्षका छोरी जस्मिना मोक्तानले बर्तमान संचालक समितिको अनुमतिमा सयपत्री संस्थाको हिसाबहरु खोजबिन गर्दा पुर्व ब्यबस्थापक भगवती घिमिरेले निकालेको हिनामिना रकम बाहेक अझै धेरै रकम घोटाला भएको छ भनी हामीलाई जानकारी प्राप्त भएको र सो जानकारी पत्र यसै साथ संलग्न छ। साथै हाम्रो खोजविनका कममा समेत हिसाबमा केहि त्रुटीहरु देखिएका छन जसका आधारमा कर्मचारीबाट अझ बढी हिनामिना भएको अनुमान

गर्न सकिन्छ । जस्तो कर्जा न. Bl 0657 तथा Bl 0809 मा २०७७ सालको अनुगमनका क्रममा शर्मिला तामाङको नाममा रहेको ऋण हाल अनुगमनका क्रममा Pawal Rai को नाममा देखिन्छ। साथै सो कर्जामा प्राप्त हुनुपर्ने ब्याज पनि एकदमै थोरै रहेको पाएका छौ।त्यसै गरि सुमन श्रेष्ठको नाममा रहेको बचत खाता न.P 1803 मा मिति २०६९/९/२९ मा दिएको ब्याज रु ७३३३/- एकदमै अस्वभाविक रुपमा वढि भुक्तानी भएको देखिन आउँछ। ठुलो ऋणी गोकुल श्रेष्ठ तथा गंगा श्रेष्ठको कर्जा हिसाब २०७४।०७५ र २०७५।०७६ सम्म कम्प्यूटरमा हिसाव राखेको पाइयो तर ०७६/०७७ को लेखामा सम्पुर्ण कर्जा असुली भएको जानकारी भएता पनि कम्प्युटरमा रेकर्ड तथा भौचर खाता पनि उपलब्ध नगराएकोले सो को खोजबिन गर्नुपर्ने देखिन्छ।तसर्थ जस्मिना मोक्तानको पत्र अनुसार र हामीले गरेको अनुगमनका क्रममा सयपत्री संस्थाका संचालक तथा व्यवस्थापन समितिको चरम लापरबाही देखिन आउँछ। समग्रमा संस्था नोक्सानीमा जाँदै गर्दा त्यसका लागि संचालक समिति, कर्जा उपसमिति तथा लेखा समिति र कर्मचारीहरुले अपनाउन पर्ने दायित्व तथा भुमिका नदेखिएको उल्टै शेयर लाभांश, कर्मचारी बोनस बाँडेको देखिएको हुनाले चरम लापरबाही भएको देखिन्छ।उपर्युक्त आधारमा सयपत्री वचत तथा ऋण सहकारी संस्था लि को वीज्ञ लेखा परिक्षकको सहयोगमा गहन खोजबिन गर्नुपर्ने राय पेश गर्दछौ।

## राय तथा निश्कर्ष

१.सुरक्षित रुपमा ऋण लगानी नगरेको देखिन्छ ।

२. ऋण उठाउन मा तदारुकता नदेखिएको पाईन्छ।अत ऋण रकम उठाउन व्यवस्थापन समिति र कर्मचारी लागि परेर निक्षेपकर्ताको रकम अविलम्ब भुक्तानी गर्नुपर्ने हुन्छ ।

३. पार्वती शाही बाट उठाउनु पर्ने रकम मान्छे बेपता भएको भनी प्रहरी चौकी तथा सहकारी विकास समितिमा निवेदन मात्र दिएको तर त्यत्रो ठुलो रकम उठाउन व्यापक खोजतलास नभएको देखिन्छ ।

४. भौचरमा आधार रसिदहरु संलग्न गर्न पर्ने र सहकारीका ४ खाता र सहायक खाताहरु संचालनमा ल्याउनु पर्ने देखिन्छ।

५ धरानमा रहेका अन्य सहकारीहरुको पनि सघन अनुगमन गरि सहकारीहरुको वर्गीकरण गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ फलस्वरूप सेयर सदस्यहरुको रकम हिनामिना नहोस्।साथै सहकारी संस्थाहरुले ऋण लगानी गरेको रकम असुल उपर हुन नसकेमा उपमहानगरपालिकाको स्थानीय सहकारी ऐन २०७५ को दफा न.६१मा भएको ब्यबस्था अनुसार कार्यान्वयन गरिदिनहुन उपयुक्त रहेको देखिन्छ।फलस्वरूप सो दफा लागू गरेमा ऋणीहरुले पनि समयमानै कर्जाहरु बुझाउने गर्दा सहकारी संस्थाहरुलाई पनि काम गर्न सहज हुने थियो।

अन्तमा प्रतिवेदन तयारीका क्रममा मलाइ सहयोग गर्ने मेरा सदस्य मित्रहरुलाइ हार्दिक आभार प्रकट गर्दछु र प्रतिवेदनमा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुलाइ यसै प्रतिवेदनमा संलग्न गरेको समेत अनुरोध गर्दै नगर प्रमुखज्युवाट मलाई जुन विश्वासको साथ यो अभिभारा दिनु भयो यसको लागि हृदय बाट नै कृतज्ञता व्यक्त गर्दै यस कार्यमा मलाई सहयोग गनुहुने समितिका सबै साथीहरुलाई विशेष धन्यबाद ज्ञापन गर्दै आगामि दिनमा समेत साथ सहयोग र सहकार्यका लागि तयार रहने प्रण गर्दछु। धन्यवाद । जय सहकारी

प्रतिवेदन निर्माण समिति

संयोजक श्री दिनेश श्रेष्ठ

सदस्य श्री चन्द्र सुवेदी

सदस्य श्री काजी गिरी

सदस्य श्री मिसन लामा

सदस्य सचिव श्री भक्तिराज शर्म

प्रथम बैठक २०७८।०१।५

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री मिसन लामा

श्री भक्तिराज शर्मा

निर्णय

छानविन समितिका पदाधिकारीहरुले प्रतिवेदन तयारी गर्ने कार्यका लागि दिनेश **श्रेष्ठ** र चन्द्रबहादुर सुवेदीले लेखा तथा कम्प्युटरमा भएको हिसाब हेर्ने ,काजी गिरीले ऋणका फाइलहरु हेर्ने ,भक्तिराज शर्मा र मिषण लामाले अन्य कुरामा चेकजाँच र सहयोग गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

तेश्रो बैठक २०७८।०१।६

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री मिसन लामा

श्री भक्तिराज शर्मा

निर्णय

सयपत्री सहकारी संस्थाले संचालन गरेको अस्फान सफ्टवेयको माध्यमवाट गरिएका कारोवारका बारेमा वृस्तित अध्ययन गर्ने कार्य अजैवाट तँहा संस्थामै उपस्थिति भई शुरू गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

चौथो बैठक २०७८।०१।७

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री मिसन लामा

श्री भक्तिराज शर्मा

निर्णयहरु

निर्णय नं १

सयपत्री सहकारी संस्थाले प्रयोगमा ल्याएका लेजर खाता साथै म्यानुअल रेकर्डहरुका बारेमा वृस्तित अध्ययन गर्ने कार्य अजैवाट तँहा संस्थामै उपस्थिति भई शुरू गर्ने निर्णय गरियो।

निर्णय नं २

छानविनका क्रममा सयपत्री वचत तथा ऋण सहकारी संस्थाका पुर्व संचालक र अध्यक्ष्य हरुलाइ आवश्यक परामर्शकालागि मिति २०७८।०१।१२ गते धरान स्थित होटल संन्ध्यामा आमन्त्रण गरी छलफल समेत गर्ने निर्णय गरियो।

निर्णय नं ३

प्रतिवेदन तयारीकालागि आवश्यक विश्वसनियता तथा प्रमाणहरु जुटाउने कार्यकालागि आवश्यक पश्नावलीहरु तयारपारी सयपत्री सहकारीका जिम्मेवार प्रतिनिधि तथा कर्मचारीहरुवाट भर्नकालागि अनुरोध गर्ने र भरिएको प्रमाणका आधारमा समेत प्रतिवेदन तयार गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

पाँचौ बैठक २०७८।०१।८

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री मिसन लामा


श्री भक्तिराज शर्मा

निर्णय

सयपत्री सहकारी संस्थाको बारेमा विभिन्न उजुरी तथा स्थानिय समाचारमा प्रकाशन भएका विषयहरुलाइ समेट्दै समितिद्धारा तयार पारिएको प्रतिवेदनलाइ नगरपालिकामा पेश गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

# परेका उजूरीहरुको जिस्ट



नियमित बचत, सुरक्षित भविष्य
(स्वविकास, स्थानिय उद्यम र रोजगार प्रवर्धन निम्ती)
सयपत्री SAYAPATRI
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
धरान, सुनसरी (नेपाल)

चलानी नं. ३२
Despatch No.:

मिति २०७७।११।२३
Date:


श्री प्रमुख ज्यू
धरान उप-महानगरपालीका,सुनसरी

विषय:जानकारी पठाएको बारे ।

प्रस्तुत विषयमा २०७७।११।११ गते धरान उपमहानगरपालिकाको पत्र चलानी न ४५७ बमोजिम पत्र प्राप्त भए अनुसार यस सहकारी संस्थाका हाम्रो निर्वतमान व्यवस्थापक भगवती घिमिरे लाई जि.एस.३७९० बाट पाउने रकम हाल संस्थामा तरलताको अभाव साथै संस्थाको संरक्षक तथा निर्वतमान अध्यक्ष श्री बंशी मोत्तान हाल सँपर्कमा नभएकोले गर्दा भुक्तानी नगरिएको जानकारी गराईन्छ साथै श्री बंशी मोत्तान ज्यूको उपस्थित पछि संचालक समितिको निर्णय अनुसारको कार्य गरिने छ ।

शशी श्रेष्ठ
उप-अध्यक्ष

Prem plaze (2nd Floor), Bhanu Chowk, Dharan, Sunsari
Tel : +977025-533426,+977025-533416, E-mail : sayapatri2059@gmail.com
URL : www.sayapatri.com.np



श्री


श्रीमान प्रमुख ज्यू

श्री धरान उपमहानगरपालिका कार्यालय सुनसरी धरान

विषय:- बचत फिर्ता गराई पाऊँ।

महोदय,

निवेदक



श्रीमान् नगर प्रमुख ज्यू,
उपमाहानगरपालिकाको कार्यालय
धरान, सुनसरी

मिति : २०७७/११/०४

विषय : पारिश्रमिक रकम असुल उपर गरीपाउँ ।

महोदय,

प्रस्तुत विषयमा धरान भानुचौक पुतली लाईन स्थित श्री सयपत्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान-९ मा २०७५ साल वैशाख महिना देखि व्यवस्थापक पदमा कार्यरत रही २०७७ साल श्रावण २८ गते सम्म निरन्तर सेवामा रहेकी थिए । उक्त अवधीमा पदमा रही कारोबार गरिदा मेरो तर्फबाट दिईने सेवालाई पुर्णरुपले परि आएका प्रशासनिक एवम् नियमित कार्यलाई पालना गरेकी थिए ।

श्रीमान् त्यसरी कार्यरतको समयमा मैले पाउने तलब पारिश्रमिक मेरो बचत खाता GS ३७९० मा जम्मा गरिएको तर संस्थाबाट भुक्तानी समयमा नदिएको र अझै भुक्तानी पाउन बाँकी रु. १,५३,४५०।- अक्षरुपि एक लाख त्रिपन्न हजार चार सय पचास रहेको व्यहोरा पनि श्रीमान् समक्ष जानकारीका निमित्त अनुरोध गर्दछु ।

मैले पटक-पटक पूर्व अध्यक्ष श्री वंशीमोत्तान ज्यू तथा वर्तमान पदाधिकारी समेतमा धेरै पटक मौखिक माग गर्दा सुनुवाई नभएपछि वाध्यतावस मिति: २०७७/१०/०९ गते कार्यालय प्रशासनलाई रकम असुल उपरको माग राखी निवेदन पेश गरेकीमा कुनै सुनुवाई नभएको व्यहोरा पनि श्रीमान् समक्ष जाहेर गर्दछु ।

अत : श्रीमान् मैले जिवीकोपार्जनका लागि गरेको परिश्रमको कुनै पनि सुनुवाई नहुँदा बाध्य भएको व्यहोरा सहित निवेदन पेश गरेकी छु, आवश्यक पहल गरी मैले पाउने तलब पारिश्रमिक बापतको रकम एकमुष्ट उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

निवेदिका
भगवती घिमिरे
पूर्व व्यवस्थापक
सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.
धरान-९, पुतलीलाईन ।
सम्पर्क नं. ९८४२०७९२४६



धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

पत्र संख्या :- ७७/०७८/०७८
चलानी नं. :- ५४६९

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

मिति:२०७७/११/११


श्रीमान अध्यक्ष ज्यू
सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.
धरान-९, पुतली लाइन

विषय: आवश्यक जानकारी उपलब्ध गराई दिन हुन।

उपर्युक्त सम्बन्धमा यस कार्यालयमा मिति:२०७७/११/०४ मा प्राप्त निवेदन अनुसार त्यस संस्थाको पूर्व व्यवस्थापक श्री भगवती घिमिरेको नाममा रहेको बचत खाता न GS ३७९० बाट पाउने रकममध्ये रु १५३४५०।०० भुक्तानी नपाएको यस कार्यालयमा उजुरी परेकाले सो सम्बन्धमा के कति कारणले नीजलाइ भुक्तानी नगरिएको सोको कारण खुलाइ यो पत्र प्राप्त भएको मितिले १५दिन भित्रमा यस कार्यालयमा पेशगर्नुहुन अनुरोध छ।

बोधार्थ
श्री भगवती घिमिरे : जानकारीकालागि।

E-mail: info@dharan.gov.np, Website: http://www.dharan.gov.np



श्री

श्रीमान नगर प्रमुख ज्यू,
श्री धरान उपमहानगरपालिका कार्यालयमा चढाएको
निवेदन पत्र

विषय :- सहकारीमा जम्मा गरेको रकम भुक्तानी दिलाई पाउं ।


सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. धरान ६ पुतलीलाईनमा कार्यरत बजार प्रतिनिधी हामी निम्न लिखित निवेदक हरु — निवेदक

विरुद्ध

सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. धरान ६ पुतलीलाईनको संचालक — विपक्षी

हामी निवेदकहरु निम्न व्यहोराको निवेदन गर्दछौ। निम्न बुसार गरी पाउं ।

निवेदकहरु



नियमित बचत, सुरक्षित भविष्य
(स्वविकास, स्थानिय उद्यम र रोजगार प्रवर्धन निम्ती)
सयपत्री SAYAPATRI
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
धरान, सुनसरी (नेपाल)

चलानी नं. ३२
Despatch No.:

मिति २०७७।११।२३
Date:

श्री प्रमुख ज्यू
धरान उप-महानगरपालीका,सुनसरी

विषय:आवश्यक कारवाहीको लागी ।

प्रस्तुत विषयमा यस सहकारी संस्थाको संचालक समितिको मिति २०७७।११।२१ गते बैठकको निर्णय अनुसार संस्थाको पूर्व अध्यक्ष संस्थापक र हालको संरक्षक श्री बंशी मोत्तानले यस संस्थालाई तिर्नु बुझाउनु पर्ने हरहिसाब नबुझाई ( बरबुझारथ नगरी ) आफ्नै भतिज आषिशराज मोत्तानलाई अध्यक्ष बनाई आफ्नो घर जग्गा सहकारी बैंकबाट निकाली २०७७ मंसिर २४ गते बाट संर्पक बिहिन भएको साथै वहाको भतिज आषिशराज मोत्तान हालको अध्यक्ष समेत संर्पक नआएको हुदा वहाहरुको खोजतलास गरी संस्थाको रकम असुल गर्नमा आवश्यक कारवाहीका लागी सादर अनुरोध छ ।

शशी श्रेष्ठ
उप-अध्यक्ष

Prem plaze (2nd Floor), Bhanu Chowk, Dharan, Sunsari
Tel : +977025-533426,+977025-533416, E-mail : sayapatri2059@gmail.com
URL : www.sayapatri.com.np

# सहकारी ऐन २०७५ मा भएको ब्यवस्थाका केहि भागहरु

## परिच्छेद–१४

## ऋण असुली तथा बाँकी बक्यौता

५८. **ऋण असूल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ। धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जानाअसूल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूलउपरभएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

५९. **कालो सूची सम्बन्धी व्यवस्थाः** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था प्रदेश तथा संघीय कानुन बमोजिम हुनेछ।

६०. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ

६१.**बाँकी बक्यौता तथा ऋण असूल उपर गर्नेः** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने बाँकी बक्यौता र ऋण रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज, हर्जना समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ । जायजेथाबाट असुल उपर नभएमा वा नतिरेमा निजलाई उपमहानगरपालिकाले दिने सेवाहरुबाट बञ्चित गर्दै लान सकिने छ ।

६२. **रोक्का राख्न लेखी पठाउनेः**

(१) संस्था वा संघ दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता,जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न राखी दिनु पर्नेछ ।

६३. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. **कार्यवाही गर्न वाधा नपर्नेः** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानुनबमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।